मिति: २०८०/०४/०४ , बैठक संख्या - ०१

आज मिति २०८०/०४/०४ गते बिहिबारका दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०८०/०८१ को पहिलो गाउँ कार्यपालिका बैठकद्वारा तल उल्लेखित प्रस्तावहरू माथि छलफल गरी देहायनुसारका निर्णयहरू पारित गरियो ।

**उपस्थिति :**

१. अध्यक्ष : श्री समर बहादुर अधिकारी ..........

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ..........

३. वडा अध्यक्ष : श्री सन्तोष लिङदेन ..........

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ..........

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ ..........

६. वडा अध्यक्ष : श्री धनपति गिरी ..........

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ ..........

८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ ..........

९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु ..........

१०. कार्यपालिका सदस्य श्री सुष्मा लावती ..........

११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई ..........

१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मंग्राती ..........

१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई..........

१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया ..........

१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा..........

१६. **सदस्य सचिव** श्री टोपेन्द्र कुमार लिम्बु ..........

१७. आमन्त्रित सदस्य प्रशासकीय अधिकृत श्री प्रकाश अधिकारी ..........

१८.आमन्त्रित सदस्य श्री लक्ष्मी चुहान..........

१९.कार्यालय सहयोगी श्री बजिन्द्र कुमार पुरी..........

मिति: २०८०/०४/०४ , बैठक संख्या - ०१

**प्रस्तावहरु:-**

१. स्वास्थ्य सेवा तर्फको कम्युनिटी नर्सिङ दरबन्दी व्यवस्थापन सम्बन्धमा ।

२. ढुङ्गा, गिट्टी, वालुवाको IEE गर्ने सम्बन्धमा ।

दीपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०८०/०४/०४ , बैठक संख्या - ०१

**निर्णय नं. - १**

गत आ.व. २०७७/०७८ को दोश्रो वैठक मिति २०७७/०६/१८ गते बसेको गाउँ कार्यपालिकाको वैठकको निर्णय नं. २ मा प्रदेश लोक सेवा आयोगको माग बमोजिमको गाउँपालिकाको स्वीकृत दरबन्दी अनुसार रिक्त पदहरूको माग आकृति फाराम भरी पठाएकोमा कम्युनिटी नर्सिङ पद, पाँचौ तह, कम्युनिटिङ नर्सिङ सेवा, माग पद संख्या ३(तीन) हुनुपर्नेमा प्रदेश लोक सेवा आयोगलाई माग आकृति फाराम भरी पठाउँदा भुलबस स्टाफ नर्स पद, पाँचौ तह, जनरल नर्सिङ सेवा, माग पद संख्या ३(तीन) उल्लेख भए बमोजिम यस गाउँपालिकामा प्रदेश लोक सेवा आयोग विराटनगरबाट स्थायी नियुक्तिका लागि कर्मचारी सिफारिस भएकोले उक्त पद तथा सेवाको लागि दरवन्दी सिर्जना गरी गाउँपालिकाबाट नियुक्ति दिई स्वास्थ्य चौकीहरूमा पदस्थापनको लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने र उक्त दरवन्दी गाउँसभाबाट अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो । उक्त पदमा पदस्थापन भएका कर्मचारीहरूको सेवा निरन्तरता रहने गरी हिलिहाङ-३, गोपेटारमा निर्माणाधीन पाँच शैयाको अस्पतालमा सेवा सञ्चालन पश्चात् समायोजन गर्ने ।

**निर्णय नं. - २**

हिलिहाङ गाउँपालिका क्षेत्र भित्र रहेका तमोर खोला, काबेली खोला तथा हेवा खोलाका विभिन्न स्थानहरूमध्ये हिलिहाङ-१ को मालबाँसे, हाङ्दे, खोलाखर्क; हिलिहाङ-२ को काबेली घाट, त्रिवेणी घाट, पिनासी, लिम्बुनीपुल; हिलिहाङ-४ को नक्कलेघाट; हिलिहाङ-५ को डुम्रेफेदी; हिलिहाङ-७ को माझिटार, हेवाखोला, थाम्देन लगायतका क्षेत्रहरूमा ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् तथा सङ्कलन केन्द्रको पहिचान गरी प्राविधिक प्रतिवेदन तयार गर्नको लागि तत्काल प्रारम्भिक वातावरणीय अध्ययन (IEE) गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

योगेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत